## आ.व २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम

उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, सदस्यज्यूहरु, कर्मचारी तथा सुरक्षाकर्मीहरु र सञ्चारकर्मी मित्रहरु,

पैयूँ गाउँपालिकाको यस गरिमामय गाउँसभामा आ.व २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु ।

१ संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा सामाजिक आर्थिक परिवर्तनको आन्दोलनमा मुलुक र जनताका लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुमा उच्च सम्मान प्रकट गर्दछु।

२ समग्र राष्ट्र र गाउँपालिकाको विकासमा सदा सर्वदा विभिन्न तह र तप्काबाट सहयोग पुर्याउनुहुने तथा हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा सहभागी हुनुभई हामीलाई प्रतिनिधिको रुपमा छनौट गर्नु भएकोमा सम्पूर्ण पैयूँ बासी आदरणीय आमा, वुवा, दिदी, बहिनी तथा दाजुभाइहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

**सदस्यज्यूहरु,**

**चालु आर्थिक वर्षको संक्षिप्त प्रगति समीक्षा प्रस्तुत गर्न चाहन्छु ।**

३ पैयूँ गा.पा. साविक हुवास स्वास्थ्यचौकीलाई स्तरोन्नति गरी १० शैयाको अस्पताल बनाउने नेपाल सरकारको निर्णय अनुसार अस्पताल निर्माण कार्य अघि वढेको छ।

४ गाउँपालिकाका सवै स्वास्थ्य चौकीहरुलाई सुविधा सम्पन्न गर्दै जाने नीति अनुरुप यस आ.व.मा सरौंखोला स्वास्थ्य चौकीमा ल्याव सेवा सञ्चालन गरिएको छ भने भोर्ले स्वास्थ्य चौकीमा २४ घण्टा सुत्केरी सेवा सञ्चालनमा ल्याईएको छ ।

५ गाउँपालिकाको केन्द्रमा रहेको हुवास स्वास्थ्य चौकीलाई थप सुविधा सम्पन्न बनाउनका लागि यस आ.व.देखि भिडियो एक्सरे र इसिजि सेवालाई सञ्चालनमा ल्याइएको छ ।

६ विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवाबाट वन्चित रहेका दक्षिण पर्वतका जनताहरुहरुलाई लक्षित गरी गाउँपालिका स्तरीय विशेषज्ञ सहितको स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरी सम्पन्न गरिएको छ ।

७ वडा नं.५ मा आधारभूत स्वास्थ्य इकाई निर्माणका लागि ठेक्काको प्रकृया अगाडि वढेको छ ।

८ कोभिड १९ को महामारीलाई नियन्त्रण गर्न गाउँपालिकाबाट १२७३१ जना नागरिकहरुलाई दोस्रो मात्रको खोप दिने कार्य सम्पन्न भएको छ भने ६५१० जनालाई तेस्रो मात्राको खोप दिने कार्य समेत सम्पन्न भएको छ।

९ उपाध्यक्ष संग सुत्केरी कार्यक्रम अन्तरगत १२२ जना सुत्केरी महिलाहरुलाई रु.५ हजारका दरले सुत्केरी पोषण भत्ता उपलव्ध गराइएको छ जसबाट आमा तथा नवजात शिशु स्वास्थ्य रहन मद्दत पुगेको छ ।

१० सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम अन्तर्गत बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरुलाई खाजा खुवाउने कार्यक्रमलाई निरन्तरता दिइएको छ।यस कार्यक्रमले बालपोषण स्वास्थ्यमा समेत सकारात्मक प्रभाव पारेको छ।

११ राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत क्यामुने भञ्याङ मा.वि. र जनसेवा मा.वि.मा ICT ल्याव सञ्चालनमा ल्याईएको छ भने जनता मा.वि.भोर्ले, खेल्नेपोखरी प्रा.वि.वडा नं.२, लक्ष्मी भवन प्रा.वि. वडा नं.६ र वालनयन प्रा.वि.वडा नं.३ मा २ कोठे भवन निर्माण कार्य भइरहेको छ ।

१२ निर्मल जनसेवा मा.वि. वडा नं.२ मा विज्ञान प्रयोगशाला निर्माण कार्य सम्पन्न गरीएको छ ।

१३ विद्यालयका छात्राहरुको महिनावरी स्वास्थ्य समस्यालाई मध्यनजर गरी ११ वटा विद्यालयहरुमा सेनेटरी प्याड र प्याड भेण्डिङ मेसिन उपलव्ध गराइएको छ ।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी

१४ विद्यालयका १ देखि ३ कक्षा सम्मका विद्यार्थीहरुलाई अग्रेजी माध्यमका पुस्तक र वाल कक्षाका विद्यार्थीहरुलाई अल इन वान पुस्तक हस्तान्तरण गरिएको छ ।

१५ अन्तर वडा स्तरीय गाउँपालिका अध्यक्ष कप भलिवल प्रतियोगिता सफलता पूर्वक सम्पन्न भएको छ ।

१६ शिक्षक मल्टी पर्पोज डायरी र वार्षिक शैक्षिक क्यालेन्डर तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

१७ चालु शैक्षिक सत्र देखि कार्यान्वयन हुने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा छपाई कार्य अन्तिम चरणमा पुगेको छ ।

१८ साना सिंचाई अन्तर्गत सात वटै वडामा १८ वटा योजना रहेकोमा १७ वटा योजना सम्झौता भई कार्यान्वयनमा रहेका छन् भने बाँकी १ वटा योजना समेत चालू आ.व. भित्रै सकिने गरी आवश्यक कार्यप्रक्रिया अगाडि बढाइएको छ । यसै गरी कृषिमा युवा पर्वर्द्धन कार्यक्रम अन्तरगत १४ वटा व्यवसाय छनौट गरी कार्यान्वयनको चरणमा रहेका छन् ।

१९ गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यले निरन्तरता पाइरहेको छ यस आ.व.मा तिन तला ढलान कार्य सम्पन्न भई निर्धारित समयमानै सम्पन्न हुने गरी काम अघि वढेको छ ।

२० सडक तर्फ वयरधारी ठुलीभञ्ज्याङ चौपारीडाडा हिले ३ भोर्ले हुवास सडक र बालाकोट सिल्ले साधने सडकको स्तररोन्नती कार्य भइरहेको छ भने ६ वटा झोलुङ्गे पुल यसै आ.व.मा सम्पन्न हुनेगरी निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

२१ गाउँपालिकाको वडा नं. २ त्रिवेणीमा रहेको खेल मैदानलाई तारवार सहित व्यवस्थित गरी वडा स्तरीय गाउँपालिका अध्यक्ष कप भलिवल प्रतियोगीता सम्पन्न भएको छ जसले स्थानीय खेलाडीहरुको उत्साह वढाएको छ ।

२२ गाउँपालिका अन्तर्गत ७ नं. वडा कार्यालको प्रशासनिक भवन निर्माण सम्पन्न भई आफ्नै कार्यालयबाट सेवा प्रवाह सुरु भई रहेको छ । भने ३ र ६ नं. वडा कार्यालयको प्रशासनिक भवनको निर्माण कार्य प्रारम्भ गरिएको छ ।

२३ फलफुल खेती विस्तार तर्फ ५ वटा र नर्सरी स्थापना तर्फ ६ वटा फर्म छनौट गरी कार्यान्वयनको चरणमा रहेका छ ।

२४ मौरीपालन तर्फ ६ वटा र च्याउ खेती तर्फ २ वटा फर्म छनौट गरी कार्यान्वयनको चरणमा रहेको छ।

२५ कागती तथा सुन्तला पकेट कार्यक्रम तर्फ वडा नं. ४ र ५ मा ४ वटा संस्था छनौट भई कार्यान्वयनको चरणमा रहेको छ।

२६ व्यवसायिक गाई भैसी पालन स्तर वृद्धि नस्लसुधार पूर्वाधार निर्माण तथा मर्मत तर्फ ७ वटा फर्मको आवेदन छनौट भई कार्यक्रम सञ्चालन भई रकेको छ ।

२७ व्यवसायिक बाख्रापालन तर्फ १४ वटा फर्महरु छनौट भएका छन जस मध्ये १० वटाको कार्य सम्पन्न भई सकेको छ, वंगुर पालन तर्फ ७ वटा फर्महरु छनौट भएकोमा ६ वटाको कार्य सम्मपन्न भएको छ, स्थानीय कुखुरा पालन तर्फ २ वटा फर्महरु मध्ये १ वटा सम्पन्न भएको छ भने माछापालन तर्फ ४ वटा फर्म छनौट भएकोमा २ वटाको कार्य सम्पन्न भएका छन ।

२८ मासु र डेरी पसल सुधार तर्फ ३ वटा पसलहरु छनौट भएको मा २ वटाको कार्य सम्पन्न भएको छ भने उत्कृष्ठ किसान प्रोत्साहन तर्फ ९ जना किसानहरु छनौट भई प्रोत्साहन लिने चरणमा रहेका छन्।

२९ धानवाली पकेट कार्यक्रम १ देखि ७ नं. वडामा ६ वटा फर्म छनौट गरी कार्यान्वयनको चरणमा रहेको छ।

३० लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ तथा पुराना गरी जम्मा १२७ जना उद्यमीहरुलाई विभिन्न व्यावसायीक तालिम दिइ प्रविधि हस्तान्तरण गरिएको छ जसबाट उद्यमशीलताको विकास भई स्थानीय रोजगारीलाई समेत टेवा पुऱ्याएको छ ।

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

३१ सवै वडाबाट पञ्जीकरणलाई विद्युतीय माध्यमबाट अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ, जसबाट जन्म, मृत्यु, बसाइसराई जस्ता पञ्जीकरण सम्बन्धी अभिलेख चुस्त दुरुस्त रहेको छ, सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई ब्यवस्थित बनाइएको छ ।

३२ परम्परागत कृषि प्रणालीलाई यान्त्रिकीकरण गर्ने उद्देश्यका साथ यस आ.व भित्रै कृषकहरुलाई जम्मा २३ वटा हाते ट्र्याक्टरका साथै २१ वटा कुटानी पिसानी मिल प्रदान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

३३ किसानहरुका मौसमी उत्पादनलाई वेमौसममा वजार पठाई उच्च मूल्य प्राप्त गर्न गाउँपालिका स्तरमा एक कोल्डच्याम्वरको निर्माण अन्तिम चरणमा पुगेको छ ।

३४ फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका लागि वडा नं.५ मा ल्याण्डफिल्ड साइट वनाउनका लागि जग्गादाताबाट १४ रोपनी जग्गा प्राप्त भएको छ भने ५ रोपनी जग्गा प्राप्तहुने क्रममा रहेको छ ।

३५ गाउँपालिकाका सवै वडाहरुका ५२ जना अपाङ्ग भएका व्यक्तीहरुलाई अपाङ्ग परिचयपत्र वितरण गरिएको छ जसबाट राज्यबाट उपलब्ध हुने सेवा सुविधा लिन मद्दत पुगि उनिहरुको मनोवल समेत उच्च हुने अपेक्षा राखिएको छ ।

३६ यस गाउँपालिकाका वेरोजगार महिलाहरुलाई राज्यका विभिन्न तहहरुमा प्रवेश गराई रोजगार सृजना गराउने उद्देश्यले १२५ जना महिलाहरुलाई लोक सेवा तयारी कक्षा सञ्चालन गरी सम्पन्न गरिएको छ ।

३७ स्थानीय स्रोतसाधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गर्दै त्यस्ता उद्योगहरुको स्थापना विकास र प्रवद्धन गर्ने उद्देश्यले स्थानीय तहबाटै औद्योगिक ग्रामको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने नेपाल सरकारको नीति अनुरुप यस पालिकामा औद्योगिक ग्राम स्थापनाका लागि साविक सरौंखोला गा.वि.स.- ५ हाल वडा नं. ६ डुडेमा ५ रोपनी २ आना जग्गा प्राप्त भएको छ ।

३८ रोजगारीका पर्याप्त अवसर सृजना गरी उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्देश्यले सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा रहेको रोजगार सेवा केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालनमा ल्याइएको छ । रोजगार सेवा केन्द्र मार्फत स्थानीय आवश्यकता अनुसार विशेष रुपमा ग्रामीण भौतिक पूर्वाधारका विभिन्न २५ वटा आयोजना सम्मन्न भई दलित, महिला, विपन्न, वेरोजगार लक्षित वर्गका ८० जनाले रोजगारी पाएका छन् । यस कार्यक्रमबाट गरिब परिवारलाई राहत पुगेको महसुस गरिएको छ । यसले स्थानीय उत्पादन समेत वृद्धि गरेको छ ।

३९ न्यायिक समिति सञ्चालनका लागि तयार भएको कार्यविधि अनुसार कर्मचारीको व्यवस्था भई नियमित कार्य सम्पादन भएको छ । ७ वटै वडाहरुमा वडास्तरीय मेलमिलाप समिति समेत गठन भई उक्त समितिमार्फत न्यायिक समितिमा परेका उजुरीहरु विभिन्न विवाद तथा असमझदारीहरुलाई समाधान गरी स्थानीयबासीहरु बीच मेलमिलाप र सौहार्द्रपूर्ण वातावरण कायम गर्ने कार्य भएको छ । जसबाट कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवादहरु स्थानीय न्यायिक समितिबाट निरुपण भई न्यायको पहुँच पुगेको महसुस गरिएको छ ।

४० संवैधानिक व्यवस्था अनुसार विपद व्यवस्थापन ३ वटै सरकारको कार्य जिम्मेवारी भएको र त्यसमा पनि स्थानीय सरकार जनताको सवैभन्दा नजिकको सरकार भएकाले विपद् प्रतिकार्यमा पालिकाको प्रमुख भूमिका रहँदै आएको छ ।

४१ त्यस्तै बाढीपहिरोजन्य विपद्‌बाट क्षति भएका स्थानीय स्तरका संचरनाहरु सुधार तथा मर्मतका लागी, खानेपानी पाइप र तारजाली समेत उपलब्ध गराइएको छ ।

४२ पुनर्निमाण (भूकम्प) अन्तर्गत कुल ८५९ लाभग्राहीहरु मध्ये हालसम्म ५२७ लाभ ग्राहीहरुको घर पूनर्निर्माण सम्पन्न भएको छ भने बाँकी लाभग्राहीमध्ये पहिलो किस्ता २१६ जना र दोस्रो किस्ता ९९ जना लाभग्राहीहरुले रकम प्राप्त गरिसकेका छन् ।

जैदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

<u>आर्थिक क्षेत्र</u>

४३ माटो, हावापानी ,चरन क्षेत्रको पहिचान गरी जल, जंगल, जमिन तथा जैविक विविधताको समुचित प्रयोग गर्दै कृषिलाई पहिलो प्राथमिकता दिई पशुपालन, तरकारी खेती, माछापालन, फलफूल खेती, मौरीपालन, कुखुरापालन लगायतका नगदे बालीहरुका उत्पादन क्षेत्रको विकास गरिनेछ।

४४ युवाहरुलाई कृषि क्षेत्रमा प्रोत्साहन गर्न पशुपालन तथा कृषिका नमुना व्यावसायिक फर्म सञ्चालनका लागि "कृषि तथा पशुपालन व्यावसायमा युवाहरुको हात पैयू गाउँपालिकाको रहनेछ साथ" **कार्यक्रम** सञ्चालन गरिनेछ ।

४५ परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालीलाई क्रमशः व्यवसायीकरण र आधुनिकीकरण गरिनेछ ।

४६ गाउँपालिकाभित्र आवश्यकतानुसार कृषि योग्य जमिनमा सिंचाई कुलोहरुको निर्माण तथा मर्मत गरी कृषिजन्य जग्गाहरुमा बाह्रै महिना सिंचाइको सुविधा पुऱ्याइनेछ ।

४७ "किसानको उत्पादन, गाउँपालिकाको योगदान" **कार्यक्रम** मार्फत कृषकहरुलाई निश्चित उत्पादन र उद्यमशीलताका आधारमा बिउ, मल, कृषि औजार, ढुवानी लगायत विभिन्न प्रकारका लागत साझेदारी गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४८ गाउँपालिकाभित्र रहेका बाँझो जमिनको एकीकृत लगत संकलन गरी भूमि बैंकको स्थापना गरिनेछ र भूमि बैंकमा रहेको बाँझो जमिनलाई लिजमा लिई विपन्न तथा भूमिहीन वर्गलाई पहिलो प्राथमिकतामा राखी कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्न दिई उत्पादकत्व वृद्धि गर्न **उत्पादनमा आधारित अनुदान कार्यक्रम** सञ्चालन गर्ने कार्य अगाडि बढाइनेछ ।

४९ व्यावसायिक खेती तथा नगदे बालीको प्रवर्द्धन गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी कृषि व्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

५० "स्थानीय कृषि उत्पादनको संकलन, गाउँपालिकाको साथमा वजार व्यवस्थापन" कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि स्थानीय किसानहरुले उत्पादन गरेको उपजको वजार ग्यारेन्टी गर्न एक वडा एक संकलन केन्द्र निर्माण गरी बडाबाट संकलित कृषि उपजलाई गाउँपालिका स्तरीय संकलन केन्द्र मार्फत बिक्रीको व्यवस्था मिलाइने छ ।

५१ खाद्यान्नको पर्याप्त उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नमा आत्मनिर्भरताका साथै खाद्य सुरक्षामा टेवा पुर्याइनेछ ।

५२ स्थानीय कृषि उपजहरुको बिक्री वितरणका लागि **मासिक रुपमा हाटबजारको** व्यवस्था गरिनेछ ।

५३ निर्यातयोग्य एवं उच्च मूल्यका कृषिजन्य बाली/वस्तुहरुको उत्पादन प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

५४ कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विकसित प्रविधिहरुको प्रचार - प्रसार र प्राविधिक सेवा सर्वसुलभ रूपमा प्रदान गरिनेछ ।

५५ कृषि तथा पशु व्यवसायमा संलग्न किसानहरुको बर्गिकरण गरी "साना तथा मझौला किसानको उत्पादनमा सरोकार, सधैं साथमा रहनेछ स्थानीय सरकार" कार्यक्रम सञ्चालन गरिनेछ जसबाट वास्तविक कृषिबाट जिविकोपार्जन गर्ने किसानहरुको उत्पादकत्व वृद्धिकालागि आवस्यक तालिम र वीउमलमा साझेदारी भई उत्पादकत्व वृद्धि हुन मद्दत पुग्नेछ ।

५६ कृषि तथा पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न कृषि तथा पशुपंक्षीको तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरिने छ।

५७ किसान र मजदुरलाई परिचय पत्र वितरण गर्ने आवस्यक पहल गरिनेछ ।

५८ उत्पादनको आधारमा अनुदान दिने नीति अवलम्वन गरिनेछ ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

५९ युवा रोजगारलाई उत्पादन र अनुदान संग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

६० कृषि तथा पशु क्षेत्रको विकासको लागि राष्ट्रिय तथा अन्तरार्ट्रिय (NGO/INGO) संघसस्था संग साझेदारी गरी सामाजिक परिचालिका मार्फत सामाजिक तथा आर्थिक कृयाकलाप सञ्चालन गरिनेछ।

६१ लोपउन्मुख रहेका स्थानीय गाईहरुलाई संरक्षणका गर्न स्थानीय गाई पालक कृषकहरुलाई वार्षिक प्रोत्साहन प्रदान गरिनेछ।

६२ पर्यटन प्रवर्द्धनसम्बन्धी पूर्वाधार निर्माणको कार्यलाई जोड दिइनेछ जसबाट गाउँपालिकाको आर्थिक विकासकामा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान रहने छ ।

६३ गाउँपालिकाभित्र सञ्चालनमा रहेका तथा सञ्चालन हुन सक्ने स्थानहरुमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी होमस्टे सञ्चालन गर्न होमस्टे प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

६४ ऐतिहासिक पैयूँकोट, नायक सायब थान, पालुस्थान, दफूर्को चालालुङ्ग, शिवपुरी धाम, चन्द्रेश्वर शिवालय मन्दिर, बानिडाँडा छहरे झरना, ढुवाखोला झरना, टकलाक शिवालय मन्दिर, विश्वनाथ शिला, नागेश्वर मन्दिर, नाच्नेडाँडा पर्यटकीय स्थल, कोलकाटे, वैष्णवी देवी मन्दिर, मुसुरबारी कालिकादेवी मन्दिर, चिन्तन चौतारी, टाङटाङ गुफा, न्यौपाने गाउँ मन्दिर, थुम्की गुफा, थमथमी माई ग्यामी, पात्ले पर्यटकीय स्थल, त्रिवेणी धाम लगायतका गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुमा पर्यटन पूर्वाधारहरुको विकास तथा विस्तार गर्दै उपयुक्त पूर्वाधार थप गरिनेछ ।

६५ पैयूँ ५ वानीडाँडा स्थित छहरे झरनामा यसैवर्ष क्यानोनिङ परिक्षण गरिनेछ।

६६ स्थानिय परम्परागत संस्कृती झल्किने संग्राहलय स्थापना गरिनेछ ।

६७ गाउँपालिका क्षेत्रभित्र रहेका वनजङ्गल र जीवजन्तुहरुको प्राचुर्यतालाई व्यवस्थित गरी **जैविक पर्यटन**को विकास गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

६८ प्रदेश तथा संघीय सरकारसँगको सहकार्य मा गाउँपालिकाको पर्यटन क्षेत्रको एकीकृत विकासका लागि सम्भाव्यता अध्ययन/डि.पि.आर. तयार गरिनेछ ।

६९ स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग गरी कम लगानीमा सञ्चालन हुन सक्ने घरेलु तथा साना उद्योगहरु स्थापना तथा सञ्चालनमा जोड दिइनेछ र उत्पादित सामान स्थानीय स्तरमा उपभोग गर्ने वातावरण मिलाईने छ ।

७० आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य रहने हुँदा औद्योगिक विकास गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक ग्रामको स्थापना तथा सञ्चालनको कार्य अगाडि वढाइनेछ ।

७१ गाउँपालिकाभित्र सञ्चालित विभिन्न व्यवसायलाई थप व्यवस्थित गराइनेछ ।

७२ सहकारी एवं सामूहिक खेती प्रणालीको नीति अवलम्वन गरिनेछ, सहकारी संस्थामा रहेको बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न **एक सहकारी एक नमुना उत्पादन कार्यक्रम**लाई प्रोत्साहन गरिनेछ ।

७३ सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण, नियमन तथा प्रवर्द्धन गरी सहकारीलाई समृद्धिका लागि वित्तीय लगानी कर्ताको रुपमा विकास गर्न थप व्यवस्थित र सुदृढ गर्दै लगिनेछ । एक वडा एक सहकारीको नीतिलाई निरन्तरता दिइनेछ ।

७४ लघुउद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी सम्भावित सवै बस्ती स्तरमा विस्तार गरिनेछ । ड्राइभिङ, हाउस वायरिङ, प्लम्बिङ, कपाल काट्ने, सिकर्मी, डकर्मी, सिलाइ कटाइ जस्ता सीपमूलक तालिम तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्ने कार्यलाई निरन्तरता दिइने छ । साथै साझा सुविधा केन्द्रको स्थापनालाई जोड दिइनेछ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**<u>सामाजिक क्षेत्र</u>**

**सदस्यज्यूहरु,**

७५ गाउँपालिकाभित्र सञ्चालित सामुदायीक विद्यालयहरुको अवस्थामा थप सुधार ल्याई शैक्षिक गुणस्तरमा वृद्धि गरिनुका साथै गरिब र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ। उत्कृष्ट नतिजाका साथ शैक्षिक क्षेत्रमा उल्लेखनीय सुधार ल्याउने सामुदायीक विद्यालयलाई प्रोत्साहन गरिनेछ ।

७६ सूचना प्रविधी एवं कम्प्युटर ल्याव स्थापना भएका तर जनशक्ती अभावका कारण अपेक्षित उपयोग र उपलब्धी दिन नसकेका विद्यालयका लागि सूचना प्रविधि सहजकर्ताको व्यवस्था गरी चुस्त दुरुस्त सञ्चालनको व्यवस्था गरिने छ ।

७७ संघीय सरकारबाट निर्धारित कार्यविधि र मापदण्डको अधीनमा रही गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरु मर्ज गरी सामुदायिक विद्यालयको शिक्षालाई थप गुणस्तरीय बनाइने नीति लिइनेछ ।

७८ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि गुर्नुका साथै क्रमशः **१ वडा १ सामुदायिक नमुना विद्यालयको** विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

७९ फरक क्षमता भएका बालबालिकाका साथै बालमैत्री र छात्रामैत्री विद्यालयको रुपमा विकास गर्ने गरी विद्यालयहरुको भौतिक संरचनाहरुमा क्रमशः सुधार गर्दै लगिनेछ। कमजोर आर्थिक अवस्थाका कारण शिक्षाको अवसरबाट वञ्चित हुनुपर्ने स्थितिलाई अन्त्य गरिने नीतिलाई निरन्तरता दिइने छ ।

८० एक सामुदायिक विद्यालय छनोट गरी पालिका स्तरमा नमुना आवासीय सामुदायिक विद्यालय सञ्चालन गर्न पहल गरिनेछ ।

८१ शिक्षा क्षेत्रमा कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय गरी यस गाउँपालिकाको शैक्षिक विकासमा टेवा पुऱ्याउन एकीकृत कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

८२ सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न क्रमशः ICT को प्रयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाइने छ । विद्यालयमा बालमैत्री तथा सिकाईमैत्री कक्षा कोठाको व्यवस्था गर्न बुक कर्नर तथा सिकाई कुनाको व्यवस्था गरी कक्षा कोठालाई छापामय वनाईने छ ।

८३ दलित, महिला, आदिवासी जनजाति एवं सीमान्तकृत वर्गलाई शैक्षिक अवसरहरुको सुनिश्चितता प्रदान गर्ने व्यवस्था मिलाइनेछ । एस. ई. ई. लगायत विभिन्न तहमा गाउँपालिकाबाट सर्वोत्कृष्ट नतिजा ल्याउने सामुदायीक तथा संस्थागत विद्यालयका छात्र छात्राहरुलाई सम्मान गरिनेछ।

८४ जनप्रतिनिधि, शिक्षक, विद्यार्थी तथा अभिभावकसहितको संयुक्त उपस्थितिमा एक अर्कालाई उत्तरदायी बनाउनुका साथै सामुदायिक विद्यालयको शिक्षालाई थप प्रभावकारी बनाउने उद्देश्यका साथ **विद्यार्थीसँग अध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ ।

८५ आधारभूत सामुदायीक विद्यालयहरुको हकमा कक्षा ८ को परीक्षाको नतिजा र मा. वि. हरुको हकमा एस.ई.ई परीक्षाको नतिजाका साथै विद्यालयको समग्र शैक्षिक वातावरण तथा व्यवस्थापन लगायतका आधारमा मूल्याङ्कन गरी हरेक वर्ष **उत्कृष्ट वर्ष विद्यालय** (School Of the Year) का रुपमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

८६ गाउँपालिकाको शैक्षिक क्षेत्रमा सुधार ल्याउनका लागि **गाउँपालिका शिक्षा सुधार रणनीति** निर्माण गरी कार्यान्वयन गरिनेछ ।

८७ सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिँदै थप व्यवस्थित गरिनेछ ।

८८ एक विद्यालय एक पुस्तकालयको अवधारणा अनुसार प्रत्येक विद्यालयमा क्रमश पुस्तकालयको स्थापना गरिने छ ।

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

८९ शैक्षिक विकास, सुधार तथा गुणस्तरीय शिक्षाका लागि सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ यसका लागि गाउँ शिक्षा ऐन तथा नियमावलीमा समसामयिक सुधार गरिनेछ ।

९० पालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई आवश्यकता अनुसार पालिका भित्रकै अन्य विद्यालयमा सरुवा गर्ने नीति लिईनेछ ।

९१ यस गाउँपालिकाका सबै बालबालिकालाई अनिवार्य रुपमा विद्यालय जाने कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। साथै साक्षरता सम्बन्धी कार्यक्रममार्फत पैयूँ गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका बनाइनेछ ।

९२ प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि एक प्राविधिक शिक्षालय स्थापना गर्ने नीति लिइनेछ ।

९३ वैदेशिक रोजगारीबाट गाउँ फर्केका युवाहरुलाई मध्यनजर गरी उनीहरुको सीपलाई उपयोग गर्न युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।

९४ युवालक्षित सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्दै विदेश पलायनको वर्तमान स्थितिमा सुधार ल्याइनेछ । विभिन्न युवा क्लबहरु तथा युवालक्षित संघ संस्थाहरुसँग सहकार्य गर्दै युवाहरुमा नेतृत्व विकासका अवसरहरु प्रदान गरिनेछ ।

९५ खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गरी यसको विकास गरिने छ । साथै गाउँपालिकाभित्र रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई सम्मान र प्रोत्साहन गरिनेछ ।

९६ खेलकुद विकासलाई जोड दिँदै गाउँपालिकास्तरीय रङ्गशाला निर्माण लगायत खेलकुदसम्बन्धी पूर्वाधार निर्माणको सुरुवात गरिनेछ । खेलकुद क्षेत्रको विकासका लागि क्रमशः१ वडा १ खेल मैदान निर्माण गर्ने नीति लिईनेछ ।

९७ गाउँपालिकामा खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।

९८ सामुदायिक प्रहरी सँगको समन्वयमा युवाहरुलाई दुर्व्यसनीमा लाग्न नदिन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९९ गाउँपालिकाभित्र स्थापना भएका युवा क्लबहरुलाई समाज सुधार तथा विकास निर्माण कार्यमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ ।

१०० युवाहरुलाई उद्यमशीलतातर्फ उन्मुख गराउनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरुको व्यवस्था गरिनेछ ।

**सदस्यज्यूहरु,**

१०१ आधारभूत स्वास्थ्य नागरिकको मौलिक हकका रुपमा रहेकाले स्वास्थ्य चौकी, औषधालय, निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वियन तथा स्वास्थ्यकर्मीहरुको सेवालाई नियमित र पहुँचयोग्य बनाउन थप व्यवस्था गरिनेछ ।

१०२ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमासुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिनेछ। परिवार नियोजन तथा किशोर किशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३ ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुको लागि स्वास्थ्य जाँच तथा उपचारका लागि वडा स्तरमा त्रैमासिक रुपमा र पालिका स्तरमा विशेषज्ञ सेवा सहितको स्वास्थ्य जाँच उपचार शिविर अर्धवार्षिक रुपमा सञ्चालन गरिनेछ ।

१०४ महिलाहरुको पाठेघर र स्तन क्यान्सर रोकथाम, २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थितिमा सुधार लगायत स्वास्थ्यसम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०५ गाउँपालिकाभित्र अत्यावश्यक पर्ने औषधीहरुको वर्षभरि नै पर्याप्त हुने गरी प्रयेक् स्वास्थ्य चौकीमा व्यवस्था मिलाइनेछ।

१०६ सुरक्षित प्रसूति सेवाका माध्यमबाट मातृशिशु मृत्युदरलाई न्यूनीकरण गर्नका लागि गाउँपालिकाभित्र सञ्चालित सबै बर्थिङ सेन्टरहरुलाई सुविधा सम्पन्न बनाइनेछ ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

१०७ विभिन्न सरुवा रोगहरु तथा महामारी रोकथामका निम्ति जनचेतनामूलक कार्यक्रमको व्यवस्था गरिने छ । साथै आयुर्वेद चिकित्सा पद्धतितर्फ नागरिकहरुलाई प्रोत्साहित गरिनेछ।

१०८ गाउँपालिका भित्र मानसिक रोगको नियमित औषधी सेवन गर्ने व्यक्तिहरुलाई निशुल्क औषधी वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१०९ उपाध्यक्ष संग सुत्केरी देखि अध्यक्ष संग कोरा कार्यक्रमको लागि वजेट व्यवस्था गरिनेछ ।

११० असहाय र अति विपन्न परिवारहरुको निशुल्क स्वास्थ्य विमाका लागि आवश्यक पहल गरिनेछ ।

१११ गाउँपालिकाभित्रका बर्थिङ्ग सेन्टर स्वास्थ्य संस्थाहरुमा नियमित चेकजाँच गराई गाउँपालिकाको स्वास्थ्य संस्थाबाट नै प्रसूति सेवा लिने आमाहरुलाई लक्षित गरी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।

११२ गाउँपालिका अन्तर्गत उपलव्ध स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन आवस्यक पर्ने औजार उपकरणको सुनिश्चितता गर्नुको साथै ल्याब सेवा विस्तार गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

११३ गाउँपालिका अन्तर्गत समुदाय स्तरमा सेवारत सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवा प्रभावकारी बनाउन ६० वर्ष उमेर पुगेकालाई सम्मानजनक विदाई र नयाँलाई आवश्यक तालिमको ब्यवस्था गरिने छ ।

११४ गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने महिलाहरु सुत्केरी भएको अवस्थामा उचित पोषणको व्यवस्था गरिनेछ । **उपाध्यक्षको साथमा स्वास्थ्यकर्मि सँगै गर्भवती र सुत्केरी सञ्चो बिसञ्चो कार्यक्रम** सञ्चालन गरिने छ ।

११५ जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुलाई आवश्यकतानुसार ह्वील चियर, वैशाखी, बेड, ईयर डिभाइस लगायतका सामग्रीहरुको व्यवस्था गरिने कार्यलाई निरन्तरता दिइने छ ।

११६ सबै प्रकारका हिंसाहरु, जातीय तथा लैङ्गिक विभेद, छुवाछुत र कुप्रथामुक्त गाउँपालिका निर्माण गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

११७ विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । एकल महिला, विपन्न तथा न्यून आय भएकाहरुका लागि आयमूलक एवं क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिने छ ।

११८ ५० प्रतिशत सहुलियत दरमा एम्वुलेन्स सेवा उपलब्ध गराइने छ ।

११९ गाउँपालिकामा एक सव-वहानको व्यवस्था मिलाई सवदाह स्थान सम्म निशुल्क सेवा दिने व्यवस्था का लागि पहल गरिनेछ ।

१२० सबै प्रकारका फरक क्षमता भएका व्यक्तिहरुका लागि क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लाने नीति अवलम्बन गरी **वृद्ध, वृद्धा तथा अपाङ्गता भएका नागरिक संग अध्यक्ष कार्यक्रम** सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१२१ गाउँपालिका भित्र रहेका 'ग' वर्गका अपांगता भएका व्यक्तीहरुलाई जिविकोपार्जन राहतका लागि तथ्यांक संकलन गरी मासिक रुपमा आर्थिक सहायता उपलव्ध गराउने व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

१२२ जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिने नीति लिइने छ । यस गाउँपालिकाको वडा नं. ३ बेउलीबास गोहपुकमा रहेको जेष्ठ नागरिक दिवा सेवा केन्द्रबाट आवस्यक व्यवस्थापकीय प्रवन्ध मिलाई दिवा सेवा सञ्चालन गरिने छ ।

१२३ निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता प्रवर्द्धन गर्न उपाध्यक्ष सँग महिला कार्यक्रम सञ्चालन गरी सार्थक सहभागिताको सुनिश्चिता गरिनेछ ।

१२४ बालबालिकासम्बन्धी बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकासका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२५ निर्माण गरिएका वा गरिने सामाजिक एवं भौतिक पूर्वाधारहरुलाई बालबालिका एवं अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।

जैमुनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

१२६ आदिबासी जनजाति लगायत स्थानीय मौलिक भाषा• संस्कृति, भेषभूषा तथा परम्पराहरुको संरक्षण एवं सम्बर्द्धन गरिनेछ। साथै गाउँपालिकाका सबै जातजातिको मौलिक सँस्कृतिको संरक्षण गर्नका लागि गाउँपालिका स्तरीय **एक संग्रहालय** स्थापनाको कार्य अगाडि वढाइनेछ ।

१२७ गाउँपालिकाभित्रका आर्थिक तथा सामाजिक रुपले पिछडिएका तथा लोपोन्मुख जातिहरुको संरक्षणका लागि ठोस तथा प्रभावकारी कदम चालिनेछ।

१२८ गाउँपालिका भित्रका सुरक्षित घरबास नभएका परिवारहरुलाई आवास निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१२९ गाउँपालिकाभित्र परम्परागत रुपमा सञ्चालित मेला तथा जात्राहरुलाई संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

१३० सामाजिक न्यायलाई जनस्तरमा पुऱ्याउन स्थानीय न्यायिक समिति तथा वडास्तरमा स्थापना भएको मेलमिलाप समितिलाई थप प्रभावकारी बनाउन मध्यम अवधिको क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

१३१ समाजमा विद्यमान जातीय विभेद, दाइजो प्रथा, महिला हिंसा, बालविवाह जस्ता कुरीतिलाई निरुत्साहित गरिनेछ, जाँड रक्सी, जुवातास तथा लागू औषध दुर्व्यसनी जस्ता सामाजिक विकृतिलाई नियन्त्रण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

१३२ स्थानिय स्तरमा उत्पादन हुने कोदो को पेय पदार्थलाई ब्रान्डिङ गरि बजारिकरणका लागि आवश्यक पहल गरिनेछ ।

१३३ गाउँपालिकाको सबै घरहरुमा सफा र स्वच्छ खानेपानीको सहज पहुँचको आवश्यक व्यवस्था मिलाइनेछ । पूर्ण सरसफाईसम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन गरी सरसफाईको क्षेत्रमा नमुना गाउँपालिकाको रूपमा स्थापित गरिनेछ। **एक घर एक धारा**को नीति निरन्तरता दिइने छ ।

१३४ परम्परागत रुपमा निर्मित कुवा, ढुङ्गेधारा, चौतारी, पोखरीहरुको संरक्षण एवं सम्वर्द्धनलाई निरन्तरता दिइने छ ।

१३५ गाउँपालिका क्षेत्रभित्र रहेका सहरोन्मुख स्थानहरुमा आवश्यकतानुसार डस्टविन र सार्वजनिक शौचालयहरुको व्यवस्था गरिनेछ ।

१३६ हालसम्म पनि शौचालय निर्माण गर्न नसकेका विपन्न परिवारका लागि शौचालय निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।

## पूर्वाधार क्षेत्र

**सदस्यज्यूहरु,**

१३७ स्थानीय सडक यातायातलाई व्यवस्थित गर्न गाउँपालिकाको **यातायात गुरु योजना** बनाउन थालनी गरिनेछ।

१३८ सातवटै वडामा गाउँपालिका स्तरीय गौरवका आयोजना सञ्चालन गरिने छ जसका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

१३९ सडक, पुल, खानेपानी, सिंचाइ जस्ता भौतिक पूर्वाधार निर्माणमा आर्थिक, सामाजिक तथा वातावरणीय पक्षको अध्ययन गरी गुणस्तरीय एवं वातावरणमैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

१४० गाउँपालिका भित्र सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नति गरी **सबै र सधैंका लागि सडक** को मूल मर्मलाई आत्मसात गरिनेछ ।

१४१ समृद्ध पैयूँको आधार तयार गर्ने आवस्यक वजेटको व्यवस्था गरिनेछ ।

१४२ गाउँपालिका भित्र रहेका खनिज र खानीको उत्खनन् गर्न आवस्यक व्यवस्था मिलाइने छ ।

१४३ निर्माणाधिन ३ र ६ नं. वडा कार्यालयहरु १ वर्षभित्र निर्माण सम्पन्न गर्न थप बजेटको व्यवस्था मिलाईने छ। साथै आगामी ९ महिनाभित्र पालिकाको आफ्नै प्रशासकीय भवनबाट सेवा सञ्चालन हुनेछ ।

१४४ ग्रामीण तथा कृषि सडकहरु निर्माण गर्दा स्थानीय स्तरमा उत्पादन हुने निर्यात योग्य उत्पादनलाई आधार मानि प्राथमिकता दिइनेछ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

१४५ गाउँपालिकाभित्रका सडकहरुलाई वर्षैभरि सञ्चालनमा राख्न तथा पूर्वाधारसम्बन्धी संरचनाहरुको नियमित मर्मत सम्भारका लागि गाउँपालिकामा **एक मर्मत सम्भार कोष** स्थापना गरिनेछ । वर्षायामको समाप्ति र शारदीय पर्वहरुको आगमनपूर्व पालिकाका ७ वटै वडाहरुमा सडकहरु मर्मत तथा सरसफाई गर्न **हाम्रो वडा राम्रो वडा** कार्यक्रमलाई निरन्तरता दिईने छ।

१४६ गाउँपालिकाबाट कार्यान्वयन हुने भौतिक निर्माण तथा विकासका कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षणमा वडा समितिलाई थप जिम्मेवार तथा क्रियाशिल बनाइने छ ।

१४७ गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको लगत सङ्कलन गरी नियमानुसार सरकारी तथा सार्वजनिक हितका लागि प्रयोग गरिनेछ ।

१४८ यातायातका साधनहरुको व्यवस्थित पार्किङको लागि बसपार्क निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१४९ गाउँपालिकालाई कार्यक्षेत्र बनाएर स्वच्छ पत्रकारिता गर्ने सञ्चारकर्मी/पत्रकारहरुलाई प्रोत्साहन गरिनेछ। गाउँपालिकाभित्र सञ्चालन हुने डिजिटल अनलाईन पत्रिका, एफ. एम. रेडियो लगायत सञ्चार मिडियालाई प्रोत्साहन गरिनेछ ।

१५० सबै वडाहरुमा लाईनफोन तथा इन्टरनेट सेवाको ब्यवस्था मिलाईनेछ।

१५१ निजी क्षेत्र, गैर सरकारी संघ संस्था/व्यक्तिको अग्रसरतामा निर्माण हुने पर्यटकीय पूर्वाधार, सुरक्षित बस्ती स्थापना लगायतका कार्यलाई गाउँपालिकाले प्रोत्साहन गर्नेछ ।

१५२ वैकल्पिक ऊर्जाको विकासमा जोड दिइनेछ। गाउँपालिकाभित्रका सहरोन्मुख क्षेत्रहरुमा सौर्य सडक बत्तीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५३ उज्यालो पैयूँ अभियान कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१५४ किसानहरुलाई सर्वाधिक समस्या परेको बाँदर नियन्त्रणका लागि अल्पकालिन तथा दीर्घकालिन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न आवस्यक वजेट व्यवस्था मिलाइने छ ।

१५५ गाउँपालिका र प्रदेश सरकारको संयुक्त लगानीमा व्यवस्थित सेती खोला तटवन्ध आयोजना सञ्चालन गरिने छ ।

१५६ सबै प्रकारका विपद्बाट सिर्जना हुने संकटपूर्ण परिस्थितिलाई मध्यनजर गर्दै विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ । उक्त कोषबाट विपद्मा परेका जनताहरुलाई तत्काल आर्थिक राहत प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१५७ स्थानीय जनताको सहभागिताको माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जीवनयापनमा आवश्यक पर्ने वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

१५८ गाउँपालिकाभित्र बढ्दै गरेको सहरीकरण र फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका लागि यस गाउँपालिकाको वडा नं. ५ मा आगामि वर्ष भित्र व्यवस्थित फोहरमैला ब्यवस्थापन परियोजनाको निर्माण गरिनेछ ।

१५९ गाउँपालिका क्षेत्रभित्र रहेका लोपोन्मुख वनस्पति, जडिबुटी र वन्यजन्तुहरुको पहिचान गरी संरक्षण र सम्वर्द्धन गरिने कार्यलाई निरन्तरता दिइने छ।

१६० स्थानीय तहको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना बनाइनेछ । विभिन्न सरोकारवाला निकायहरुसँग सहकार्य गरी विपद् पूर्वतयारी सम्बन्धी जनचेतना फैलाउने खालका कार्यक्रम सञ्चालन गरिनेछ।

१६१ भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्य तत्काल अगाडि वढाई सोको रोकथाम तथा नियन्त्रणका उपायहरु अवलम्बन गरिनेछ ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

१६२ जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षणमा टेवा पुर्याउने जनचेतना मूलक कर्यक्रमलाई जोड दिइनेछ ।

१६३ गाउँपालिकाभित्र रहेका विपद जोखिमयुक्त स्थानहरुको पहिचान गर्नुका साथै बाढी, पहिरो, भूकम्प, आगलागी लगायतका विभिन्न प्राकृतिक विपद्का क्रममा प्रयोग गर्न सकिने सुरक्षित स्थलहरुको पहिचान गरी सबैलाई सुसूचित गराइनेछ ।

१६४ गाउँपालिका क्षेत्रमा वन्यजन्तुबाट भएको अतिक्रमण विशेष गरी बाँदर आतङ्कलाई मध्यनजर गरी बाँदर नियन्त्रणको दीर्घकालीन समाधानका लागि सामुदायिक तथा निजी वन र खुला जमिनहरुमा छिट्टै फल्ने फलफूलका बोट विरुवाहरु रोपिने छ ।

१६५ घरवरिपरि तथा खेतियोग्य जमिन मा रहेका रुखहरुको कटान गर्ने अभियान सञ्चालन गरिनेछ ।

१६६ मनसुन अवधिमा बाढीपहिरोजन्य विपदबाट क्षतिग्रस्त निजी आवास पुन निर्माण तथा पुनस्थापनका लागि अनुदान उपलब्ध गराइनेछ ।

१६७ सामुदायिक वन तथा खाली जग्गामा पैयूँ, वर, पिपल, समी तथा रुद्राक्षका बिरुवाहरु रोपिनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**सदस्यज्यूहरु,**

१६८ सम्वन्धित वैंकहरु संगको समन्वयमा सामाजिक सुरक्षा भत्ता वडा स्तरवाट वितरणको व्यवस्था मिलाइने छ ।

१६९ सेवाप्रवाहमा जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरु, महिला तथा बालबालिकाहरुलाई प्राथमिकता दिइनेछ ।

१७० सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइन प्रविधिमार्फत् सञ्चालन गरिएकोमा यस कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१७१ गाउँपालिकाबाट सम्पादन हुने कार्यहरुलाई नियमानुसार सार्वजनिक गर्दै सार्वजनिक सुनुवाइलाई नियमित बनाइनेछ

१७२ सेवाप्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगमार्फत सार्वजनिक सेवाप्रवाहलाई थप छिटो छरितो र सहज बनाइनेछ ।आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१७३ वित्तीय सुशासनको नीति अवलम्बन गरी पारदर्शिता, जवाफदेहिता, प्रवर्द्धन गरिनेछ । त्यसका लागि आधुनिक सफ्टवयर प्रणालीको समेत प्रयोग गरिनेछ ।

१७४ पालिकाको कार्य प्रक्रिया र उपलब्धिहरुको लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचाहन गर्न विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको सुधारका लागि आवधिक समीक्षा/संस्थागत क्षमता स्वमूल्याङ्कन गर्ने नीति अवलम्बन गरिनेछ ।

१७५ डिजिटल तथ्यांकको सुरुवात गरिनेछ ।

१७६ गाउँपालिकाको शान्ति सुव्यवस्था कायम गर्न प्रहरी/प्रशासन लगायत अन्य सामाजिक संघ संस्थासँग समन्वय गरिनेछ।गाउँपालिकाभित्र आवश्यकताअनुसार प्रहरी यूनिट स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१७७ स्थानीय आवश्यकता र निजी तथा गैर सरकारी संघसस्थाको सेवा उपलव्धतावीच सामञ्जस्यता कायम हुने गरी निजी तथा गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१७८ निजी क्षेत्रसँग रहेको पूँजीलाई गाउँपालिकाभित्र परिचालन गर्ने वातावरण निर्माण गरिनुका साथै सामाजिक उत्तरदायित्व (Social Corporate Responsibility) बहनतर्फ उन्मुख गराइनेछ ।

१७९ गाउँपालिकाबाट प्रवाह गरिने अत्यावश्यक सामाजिक क्षेत्रका सेवाहरुलाई लक्षित जनतासम्म पुर्याउन घर दैलो/घुम्ती सेवा सञ्चालन गरिनेछ ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

**सदस्यज्यूहरु,**

१८० स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिहरुलाई समुन्नत बनाउँदै आर्थिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रको तीव्र विकास गरी आधुनिक कृषि, प्रविधि, पर्यटन र पूर्वाधार पैयूँबासीको समृद्धिको आधार भन्ने दीर्घकालीन लक्ष पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

१८१ यी नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट समृद्ध पैयूँ स्थापित भई पैयूँबासीमा खुसी प्राप्ति हुदै जाने छ ।

१८२ यी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा सवै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु।

अन्त्यमा, पैयूँको विकासमा योगदान पुर्याउने स्थानीय राजनैतिक दलहरु, निजीक्षेत्र र सहकारी क्षेत्रहरुप्रति आभार प्रकट गर्दछु । आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्नुहुने राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवी, स्थानीय नागरिक समाज, वुद्धिजीवी, पत्रकार/सञ्चारकर्मी तथा पैयूँबासीलाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

तोरण मल्ल ठकुरी
अध्यक्ष

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हवास, पर्वत
... प्रदेश, नेपाल